# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी कल्याणी सुवेदी रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी कल्याणी सुवेदी रहेको राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | कल्याणी सुवेदी (विशेष अदालतको मुद्दा नं. ०८०-CR-००४३ फैसला मिति २०८०।०९।२३) | राजश्व चुहावट समेत गरी भ्रष्टाचार गरेको। | प्रतिवादी रामकाजी लामा समेत भएको मुद्दामा सुन बिक्री गर्न ल्याउँदा पुरुषोत्तम खत्रीले राख्न दिएकोमा राखिदिएको भनी कल्याणी सुवेदीलाई उक्त मुद्दाको अनुसन्धानको क्रममा बयान गर्दा सोही कुरा व्यक्त गरी अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण निजउपर भ्रष्टाचार निवारण, २०५९ को दफा ८ को उपदफा(४) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिएर प्रतिवादी नबनाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले श्री विशेष अदालत, काठमाडौं समक्ष मिति २०८०/०३/०५ गतेका दिन उपस्थित भई वकपत्र गर्दा आफूले कुनै सामान नराखेको भनि आयोगबाट अनुसन्धानको क्रममा गरिएका कागजातहरुको व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको तथ्य पुष्टी भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था बमोजिम निज उपर पुनः मुद्दा दायर गर्न सकिने हुँदा निज कल्याणी सुवेदी उपर उक्त १११ ग्राम सुनको प्रचलित दररेट बमोजिम हुन आउने विगो रु.६,७७,५९९।- (छ लाख सतहत्तर हजार पाँच सय उनान्सय रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिइएको। | विशेष अदालतको फैसलाः-<br>प्रतिवादीहरुले सफाइ पाउने।<br>विशेष अदालतले प्रतिवादीहरुलाई सफाइ दिंदा लिएका आधारहरुः-<br>(क मुल मुद्दा (०७६-CR-०३९४) मा प्रतिवादीहरुले सफाई पाउने ठहर भएको।<br>(ख) प्रतिवादीले अनुसन्धानको क्रममा अन्य भौतिक सहयोग गरेको नदेखिएको।<br>(ग) यिनै प्रतिवादीको बकपत्रको आधारमा मुल मुद्दा (०७६-CR-०३९४) मा प्रतिवादीहरुको सफाई पाएको अवस्था नभएको। | (क) राजश्व चुहावट गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी रामकाजी लामा समेत भएको मुद्दामा प्रतिवादीहरुले अवैध रुपमा वरामद गरी लिएको सुन बिक्री गर्न ल्याउने प्रतिवादी मध्येका पुरुषोतम खत्रीले आफुलाई राख्न दिएको भनि कल्याणी सुवेदीले अनुसन्धानमा बयान गरी उक्त मुद्दाको अनुसन्धान अधिकृतलाई मुद्दा अनुसन्धानमा सहयोग गरेको भनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा सोही ऐनको दफा ५५ वमोजिम सजायमा पूर्ण छुट दिएर प्रतिवादी नवनाइ साक्षीको रुपमा अदालतमा पेश गरिएकोमा निज कल्याणी सुवेदीले विशेष अदालत काठमाण्डौमा उपस्थित भई मिति २०८०/३/५ मा बकपत्र गर्दा अनुसन्धानमा व्यक्त गरेको भनाइको प्रतिकूल हुने गरी उक्त सुन प्र. पुरुषोत्तम खत्रीले आफुलाई राख्न दिएको होइन भनी बकपत्र गरेको मिसिल संलग्न बकपत्रको प्रतिलिपीबाट स्पष्ट देखिएको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धात्मक वाक्यांशमा यसरी प्रतिकुल वयान दिएको अवस्थामा त्यस्तो सजायमा छुट दिएको व्यक्ति उपर पुनः मुद्दा दायर गर्न सकिने स्पष्ट कानूनी प्रावधान रहेको र सो कानूनी प्रावधानको आधारमा प्रतिवादी उपर मुद्दा दायर भएकोमा सो तर्फ विचारै नगरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ख. प्रतिवादी कल्याणी सुवेदीले मुल मुद्दा (०७६- CR-०३९४) मा बयान गर्दा म सीमा प्रहरी चौकी टिमुरेमा कार्यरत प्रहरी हवल्दार पुरुषोत्तम खत्रीलाई चिन्दछु। निज मेरो माइती तिरको भाई हो, निज मलाई सँधै फोन गरी रहन्छ। म काठमाण्डौको कलंकीमा सामान्य व्यवसाय गरी बसेकी छु। निज पुरुषोत्तम खत्रीसँग मेरो मिति २०७६/०८/२७ गते साँझ पछिल्लो पटक भेट भएको थियो। उक्त दिन म तरकारी बेचेर साँझ घर फर्किन लाग्दा एकछिन कलंकी चोकमा बस्नु म आउँदैछु भनेर फोन गर्यो। उक्त दिन निजले बिहानै देखी मलाई फोन गरी रहेको थियो । म पनि निजले भने बमोजिम कलंकी चोकमा उभिरहेको बखतमा करिव ६/७ बजे तिर साँझ मलाई कलंकी चोकमा भेटी एउटा कागजले बेरेको प्लाष्टिको झोलामा भएको सानो डल्लो दिँदै "दिदी यो सामान राखिदिनु म भोलीतिर एउटा भाइलाई तपाईलाई भेट्ने गरी पठाउँछु यो सामान उसैलाई दिनु" भनी एउटा सानो कागजले बेरेको डल्लो दियो र उ त्यो साँझ कहाँ गयो मलाई थाहा भएन। भोलीपल्ट मैले फोन गर्दा म गल्छी पुगें भन्यो। उक्त सामान के हो ? मलाई निजले के सामान दियो? केही थाहा भएन मैले उक्त सामान निज प्रहरी भएको कारण कुनै महत्वपूर्ण सामान होला भनी राखिदिएँ र पछि निजले भने जस्तै १ जना भाई मोवाईल नम्वर ९८६०.. मात्र याद छ उक्त नम्वर लिएको १ जना प्रहरीले मलाई कलंकी चोकमा भेटी पुरुषोत्तमले पठाएको भनी मलाई दिएको उक्त सामान मागेर लग्यो, उक्त सामान सुन भएको भन्ने कुरा पछि थाहा पाएँ भनी लेखाइ दिएको पाइन्छ। प्रतिवादी कल्याणी सुवेदीको उक्त बयानलाई मिसिल संलग्न प्रहरी वरीष्ठ उपरीक्षक किशोर कुमार दाहाल समेतको छानविन समितिको प्रतिवेदन, अनुसन्धानमा बयान गर्ने भुपाल घले , छोवाङ नुर्पु घले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समेतको बयान, प्रतिवादीहरु बिचमा वारदात मिति २०७६।०८।२२ र वारदात अघिपछि पटक पटक फोन सम्पर्क भएको मिसिल संलग्न कल डिटेल्सको रिपोर्ट ,वारदात मिति पछाडि मिति २०७६।०८।२७ मा प्रतिवादी रामकाजी लामाको मोवाइलमा प्रतिवादी पुरुषोत्तम खत्रीले " अन्त नहुने भो यो त रिफाइन्ड गरेर बाला जस्तो बनाएको मात्रै लिन्छ रे पसलले त" भन्दै SMS पठाएको विवरण समेत अनुसन्धानबाट खुल्न आएको अवस्थामा यी प्रतिवादी कल्याणी सुवेदी अन्य प्रतिवादी सरह कसुरदार देखिएको अवस्थामा सो तर्फ विचारै नगरी प्रतिवादीलाई सफाइ दिनेगरी भएको फैसला त्रूटिपुर्ण रहेको। |